नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाइल नं ९८५१२८५१४८

नेपाल सम्बत् : ११४६

लाजिम्पाट, काठमाडौं

पत्र संख्या:(०८२/०८३)
प्रा.प.सं. :

## प्रेस विज्ञप्ति - ५५

## "केन्द्रीय अनुसन्धान ब्यूरोको अनुरोध!!!"

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ गतेको निर्णयानुसार नेपालमा गैरकानूनी रुपमा सञ्चालनमा रहेका १एक्सबेट (**1XBET**) जस्ता विभिन्न अनलाइन सट्टेबाजी (**Betting**) साइट तथा प्लेटफर्महरू बन्द गरिएको सर्वविदित नै छ। गैरकानूनी रुपमा सञ्चालित यस्ता अनलाइन सट्टेबाजी (**Betting**) साइट तथा प्लेटफर्महरुको प्रयोग गरी वा अन्य कुनै तरिकाले कसैले जुवा खेले वा खेलाएमा वा सट्टेबाजी गरे वा गराएमा **मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ बमोजिम फौजदारी कसूरमा प्रहरीले पक्राउ समेत गरी अनुसन्धान गर्ने तथा उक्त कसूरमा संलग्न व्यक्तिलाई कैद वा जरिवाना वा दुवै सजाय हुनुको साथै त्यस्ता सट्टेबाजीबाट आर्जन गरिएको रकम/सम्पत्ती वा प्रयोग गरिएका उपकरणहरू समेत जफत** हुने हुँदा, यस्ता गैरकानूनी कार्य वा आपराधिक गतिविधिमा संलग्न नहुन वा नगराउन, यस्ता गैरकानूनी रुपमा सञ्चालित अनलाइन सट्टेबाजी (**Betting**) साइट तथा अन्य माध्यम प्रयोग नगर्न, नगराउन र त्यस्ता आपराधिक गतिविधिहरुको प्रचार प्रसार नगर्न, नगराउन हुन आम नागरिक तथा सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध गरिएको छ।

**नोट: यस्ता गैरकानूनी क्रियाकलाप भएको वा भईरहेको जानकारी भएमा नजिकको प्रहरी कार्यालय वा यस ब्यूरोमा तत्काल सूचना दिन हुन समेत अनुरोध गरिएको छ।**

प्रवक्ता
(शिव कुमार श्रेष्ठ)
प्रहरी वरिष्ठ उपरीक्षक
सम्पर्क नम्बर: ९८५१२९१३११

मिति:- २०८२/१२/१९ गते